annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ४४ पृष्ठ ८ | काठमाडौं, बिहीबार २९ जेठ २०८२ | जेष्ठ शुक्लपक्ष षष्ठी नेपाल संवत् ११४५ | THURSDAY, JUNE 12, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## रौतहट, राजपुर नरसंहार

# अनेक प्रपञ्चबाट 'चोख्याइएका' थिए आलम

कांग्रेस नेता मोहम्मद आफताव आलमले चुनावी बुथ कब्जा गर्न रचेको प्रपञ्च र बम विस्फोटपछि मुद्दा दबाउन खेलेको भूमिका कुनै दक्षिण भारतीय फिल्म झैं लाग्छ। आफूविरुद्धको मुद्दा दबाउन उनले केसम्म गरेनन् ? प्रहरीदेखि सरकारी वकिल हुँदै गृहमन्त्रीसम्मको लाइन मिलाए। तत्कालीन महान्यायाधिवक्तादेखि न्यायालयसम्मलाई दबाबमा राखे। आफूलाई गिरफ्तार गर्ने प्रहरी प्रमुखमात्र होइन, फैसला गर्ने न्यायाधीशलाई समेत धम्की दिए। जिल्ला अदालतको आदेशलाई उल्टयाएर उच्च अदालतबाट सफाइ पाउन चलखेल गरे। यो फैसलालाई प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत अध्यक्ष रहेको न्याय परिषद्ले छानबिन तथा अध्ययन गरिरहेको छ।



दिनेश गौतम | काठमाडौं
- को रिपोर्ट

समाचार पृष्ठ २

**२०६४ चैत २८**
संविधानसभा निर्वाचन

**२०६४ चैत २७**
शेख इद्रिसको गाईगोठमा बम विस्फोट

**२०६४ चैत ३०**
शैलेन्द्र शाहसहितका उम्मेदवारद्वारा संविधानसभा अदालतमा संयुक्त निवेदन दर्ता

**२०६५ वैशाख ९**
विस्फोटमा छोरा गुमाएका नारायण सिंह राजपुत र रोक्सानाद्वारा हुलाकबाट जिल्ला प्रहरी कार्यालयमा उजुरी

**२०६५ वैशाख १२**
राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी

**२०६५ वैशाख १४**
प्रहरीद्वारा घटनास्थलको अवलोकन गरेर मुचुल्का उठाएको

**२०६५ वैशाख १८**
पीडितलाई जिल्ला प्रहरी कार्यालयमा बोलाइयो

**२०६५ जेठ १२**
घटनाको अनुसन्धान गर्न सर्वोच्च अदालतको आदेश

**२०६५ असार ९**
आलमको बयान लिएर जिल्ला सरकारी वकिल कार्यालयमा प्रतिवेदन पठाइयो। सरकारी वकिल कार्यालयद्वारा प्रमाण नभएको दाबी गर्दै मुद्दा नचलाउने निर्णय।

**२०६५ असार २०**
महान्यायाधिवक्ता यज्ञमूर्ति बन्जाडेद्वारा जिल्ला सरकारी वकिल कार्यालयको निर्णय सदर

**२०६५ साउन २१**
महान्यायाधिवक्ताको कार्यालयको निर्णय बदर माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर

**२०६७ माघ १९**
जाहेरीकर्ता रोक्साना खातुनको गोली हानी हत्या

**२०६९ जेठ १६**
न्यायाधीशद्वय सुशीला कार्की र भरतबहादुर कार्कीको इजलासबाट महान्यायाधिवक्ताको निर्णय खारेज।

**२०६९ असार २२**
महान्यायाधिवक्ता कार्यालयद्वारा सर्वोच्चमा पुनरावेदन निवेदन दर्ता

**२०६९ साउन ११**
सर्वोच्चद्वारा पुनरावेदन निवेदन खारेज

**२०७२ जेठ १८**
अदालतको अवहेलनामा सर्वोच्चमा रिट

**२०७२ जेठ २८**
सर्वोच्चद्वारा कारण देखाउ आदेश जारी

**२०७६ असार ३**
न्यायाधीशद्वय अनिलकुमार सिन्हा र कुमार रेग्मीको इजलासद्वारा मुद्दाको विषयमा प्रतिवेदन पेस गर्न निर्देशन

**२०७६ असोज २६**
आफताव आलम पक्राउ

**२०७६ कात्तिक १८**
जन्मकैद सजायको माग गर्दै जिल्ला अदालतमा अभियोग पत्र दर्ता

**२०७६ कात्तिक २९**
न्यायाधीश दीपक ढकालको इजलासले प्राप्त प्रमाणको अध्ययनबाट आलम निर्दोष रहेछन् भन्ने अवस्था नदेखिएको उल्लेख गर्दै पुर्पक्षका लागि कारागार चलान

**२०७७ असोज १२**
थुनामा राख्ने जिल्ला अदालतको आदेश बदर माग गर्दै सर्वोच्चमा निवेदन

**२०७९ वैशाख २३**
सर्वोच्च अदालतका न्यायाधीशद्वय सुष्मालता माथेमा र नहकुल सुवेदीको इजलासबाट जिल्लाकै आदेश सदर

**२०८१ वैशाख १३**
जिल्ला अदालत रौतहटका न्यायाधीश मातृकाप्रसाद आचार्यको एकल इजलासद्वारा आलमसहित ४ जनालाई जन्मकैदको फैसला

**२०८२ जेठ १४**
उच्च अदालत जनकपुरको वीरगन्ज इजलासका न्यायाधीशद्वय खुसीप्रसाद थारू र अर्जुन महर्जनको संयुक्त इजलासद्वारा सफाइ

**२०८२ जेठ १६**
न्यायाधीशद्वय खुसीप्रसाद थारू र अर्जुन महर्जनलाई छानबिन गर्न माग गर्दै न्याय परिषद्मा उजुरी

## ५२ पदाधिकारीको नियुक्तिको सुनुवाइ १८ असारमा



**काठमाडौं** (अन्नपूर्ण): सर्वोच्च अदालतले बहुप्रतिक्षित संवैधानिक निकायका ५२ जनाको नियुक्तिसम्बन्धी मुद्दाको निर्णय १८ असारमा सुनाउने भएको छ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, न्यायाधीशहरू सपना प्रधान मल्ल, डा. मनोजकुमार शर्मा, डा. कुमार चुँडाल र डा.नहकुल सुवेदी सम्मिलित संवैधानिक इजलासमा बिहीबार पेसी चढेको थियो। यसअघि मुद्दाको निर्णय बिहीबार सुनाउने तय भएको थियो।

सर्वोच्च अदालतका प्रवक्ता अच्युत कुइँकेलका अनुसार न्यायाधीशहरू मुद्दाको अध्ययन एवं छलफलमा रहेकाले निर्णय सुनाउने मिति सरेको हो। 'यसमा १५ थान मुद्दाहरू लगाउमा रहेका थिए। न्यायाधीशहरू निर्णय सुनाउनका लागि दिनभर अध्ययनमा रहनुभएको थियो। मिसिलमा रहेका धेरै कागजपत्रहरू अध्ययन गर्ने क्रममा समय सीमित भयो,' प्रवक्ता कुइँकेलले भने, 'कागजपत्रहरू अध्ययनकै क्रममा रहेकाले निर्णय सुनाउन पर्याप्त समय भएन। निर्णय सुनाउने दिन असार १८ गते सरेको छ।'

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले संवैधानिक परिषदसम्बन्धी अध्यादेश जारी गरी संवैधानिक निकायमा नियुक्तिका लागि सिफारिस गरेको थियो। प्रतिनिधिसभाको विघटनपछि संवैधानिक निकायमा २०७७ माघ २१ मा ३२ जना र २०७८ असार १० गते २० जना पदाधिकारी नियुक्त गरिएको थियो। ती नियुक्ति संविधानविपरीत भएको दाबी गर्दै सर्वोच्च अदालतमा १५ वटा रिट निवेदन दर्ता भएका छन्।

संवैधानिक सुनुवाइबिना नै नियुक्ति गरिएकाले बदरको माग गर्दै अधिवक्ता ओमप्रकाश अर्याल, दिनेश त्रिपाठीलगायतले रिट निवेदन दायर गरेका हुन्। रिटमा राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र संवैधानिक परिषद्लाई विपक्षी बनाइएको छ।

# तत्कालीन प्रमुख प्रशासकीय अधिकृत परियारसहित ७ जनाविरुद्ध मुद्दा

## मिलेमतोमा बढी बोलकबोल गर्ने ठेकेदार कम्पनीलाई ठेक्का सम्झौता

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले काठमाडौं महानगरपालिकाको सामाखुसी कोरिडोरअन्तर्गत वसुन्धरादेखि म्हेपीसम्मको ढल निर्माणमा भ्रष्टाचार गरेको आरोपमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियारसहित ७ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। हाल सूचना तथा प्रसारण विभागका महानिर्देशक प्रदीप परियारसहित यो ठेक्काको बोलपत्र मूल्यांकन समितिका पदाधिकारीहरू निर्देशक रविनमान श्रेष्ठ, शिवराज अधिकारी, वसन्त आचार्य, नमराज ढकाल, इन्जिनियर जनार्दन गिरी र खरिद इकाइका सहायक निर्देशक उत्तम दाहाललाई प्रतिवादी बनाइएको छ। काठमाडौं महानगरका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत परियारसहित सातै जनाविरुद्ध ४ करोड ३१ लाख ७२ हजार २८७ रुपैयाँ ३२ पैसा बिगो कायम गरिएको छ।

अख्तियारको अनुसन्धानमा ढल निर्माण ठेक्काको मूल्यांकन प्रक्रियामा बदनियतपूर्वक हस्तक्षेप गरिएको पाइएको छ। सबैभन्दा कम अंक १८ करोड, ९ लाख २२ हजार ३ सय २५ रुपैयाँ कबोल गर्ने निर्माण व्यवसायी समानान्तर सेवा प्रालिलाई ठेक्का नदिन नियोजित ढंगले अपव्याख्या गरिएको पाइएको छ। समानान्तर सेवा प्रालिलाई प्राविधिक प्रस्तावको मूल्यांकनमा पेन्डिङ लिटिजेसनको कारण देखाई अनुत्तीर्ण गराएर अयोग्य ठहर गरिएको पाइएको छ। दोस्रो कम कबोल अंक २२ करोड ४० लाख ९४ हजार ६१२ प्रस्ताव गर्ने कल्पवृक्ष कोहिनुर जेभीको बोलपत्र स्वीकृत भई सम्झौता गरिएको थियो। यसरी ४ करोड ३१ लाख ७२ हजार २ सय ८७ बराबरको रकम प्रतिवादीहरूले आफ्नो पदको दुरुपयोग गरी काठमाडौं महानगरको सम्पत्तिको बदनियतपूर्वक हानिनोक्सानी गराइएको आरोपपत्रमा उल्लेख छ।

» बाँकी पृष्ठ ६



**१. नाम : प्रदीप परियार**
पद : तत्कालीन प्रमुख प्रशासकीय अधिकृत (हाल महानिर्देशक, सूचना तथा प्रसारण विभाग)
बिगो : ४,३१,७२,२८७
कैद : अधिकतम १३ वर्षसम्म

**२.रविनमान श्रेष्ठ**
पद : निर्देशक, काठमाडौं महानगरपालिका
बिगो : ४,३१,७२,२८७
कैद : अधिकतम ११ वर्षसम्म

**३. शिवराज अधिकारी**
पद : निर्देशक काठमाडौं महानगरपालिका
बिगो : ४,३१,७२,२८७
कैद : अधिकतम ११ वर्षसम्म

**४.वसन्त आचार्य**
पद : निर्देशक, काठमाडौं महानगरपालिका
बिगो : ४,३१,७२,२८७
कैद : अधिकतम ११ वर्षसम्म

**५.नाम : नमराज ढकाल**
पद : निर्देशक, काठमाडौं महानगरपालिका
बिगो : ४,३१,७२,२८७
कैद : अधिकतम ११ वर्षसम्म

**६. नाम : उत्तम दाहाल**
पद : सहायक निर्देशक, काठमाडौं महानगर पालिका
बिगो : ४,३१,७२,२८७
कैद : १० वर्षसम्म

**७. नाम : जनार्दन गिरी**
पद : इन्जिनियर, काठमाडौं महानगर पालिका
बिगो : ४,३१,७२,२८७
कैद : अधिकतम ११ वर्षसम्म

## ट्रम्पबारेका आफ्ना पोस्टप्रति मस्कको पश्ताचाप

**वासिङ्टन डीसी** (एजेन्सी) : अर्बपति एलोन मस्कले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको बारेमा सामाजिक सञ्जालमा आफूले गरेका केही पोस्टहरूप्रति पश्चाताप व्यक्त गरेका छन्।

'गत साता राष्ट्रपति डोनाल्ड ट्रम्पको बारेमा लेखेका मेरा केही पोस्टहरूप्रति मलाई पछुतो छ। ती अलि हदसम्म गए', उनले आफ्नो सामाजिक प्लेटफर्म एक्समा भनेका छन्।

टेस्लाका मालिक मस्कले ट्रम्पको कर विधेयकलाई 'घृणित' भनेपछि ट्रम्प र मस्कबीच आरोप प्रत्यारोप चलेको थियो। ट्रम्पले मस्कसँगको आफ्नो सम्बन्ध समाप्त भएको र उक्त सम्बन्ध सुधार गर्न उनलाई कुनै चासो नभएको घोषणा गरेपछि मस्कको उक्त पोस्ट आएको हो। ठूलो कर छुट र थप रक्षा खर्च समावेश गरिएको बजेट गत महिना प्रतिनिधिसभाले पारित गरेको थियो।

यौन अपराधी स्वर्गीय जेफ्री इप्सटाइनसँग सम्बन्धित अप्रकाशित सरकारी फाइलहरूमा ट्रम्प पनि समावेश रहेको दाबी मस्कले कुनै प्रमाणबिना नै गरेका थिए। ह्वाइट हाउसले ती दाबीहरूलाई खारेज गरेको थियो। यसको जवाफमा ट्रम्पले मस्कलाई 'दिमाग गुमाएको' संज्ञा दिँदै ३८ बिलियन डलरको अनुमानित मूल्यबराबरको सरकारी सम्झौताहरू रद्द गर्ने धम्की दिएका छन्।

# पूर्वतयारी चरणमा नै अल्झियो बूढीगंगा

**सुनिता कार्की** | *काठमाडौं*

सन् २०२५ मा सम्पन्न गर्ने लक्ष्य लिइएको बूढीगंगा जलविद्युत् आयोजना सम्पन्न हुन अझै चार वर्ष लाग्ने भएको छ। ठेक्का लागेको ४२ महिनामा आयोजना सम्पन्न गर्ने लक्ष्य हो।

तर, आयोजना निर्माणका लागि ठेक्का प्रक्रिया भने अझै टुंगिसकेको छैन। आयोजनाको सिभिल तथा हाइड्रो मेकानिकाल वर्क्सका लागि अहिले ठेक्का प्रक्रिया अन्तिम चरणमा रहेको छ। अहिले बोलपत्रको मूल्यांकन सकेर बोलपत्र स्वीकृतसम्बन्धी आशयपत्र जारी गरिएको आयोजना प्रमुख सुरेन्द्र घिमिरेले जानकारी दिए। सो सम्बन्धमा दातृ निकायसँग स्वीकृतिको प्रक्रियामा रहेको पनि उनले बताए। आयोजनाको उक्त ठेक्काका लागि चौथोपटक बोलपत्र आह्वान गरिएको हो। अघिल्ला बोलपत्र पूर्वयोग्यता निर्धारणमा नै रद्द भएका थिए। आयोजना साँफेबगर १०, अछाममा निर्माण हुनेछ।



२० मेगावाटको अर्धजलाशययुक्त आयोजना सन् १९९७ मा क्यानेडियन इन्टरनेसनल वाटर एन्ड इनर्जी कन्सल्टेन्टद्वारा मेटकन कन्सल्टेन्टको सहयोगमा सम्भाव्यता अध्ययन र वातावरणीय प्रभाव मूल्यांकन सम्पन्न भएको थियो। आयोजना बनाउनका लागि नेपाल सरकार, साउदी विकास कोष (१८ जुन २०१४) तथा कुबेती फन्ड फर अरब इकोनोमिक डेभेलपमेन्ट (४ जुलाई २०१२) बीच ऋण सम्झौता भई सन् २०२५ सम्मका लागि सम्झौता भएको थियो। साउदीले २ प्रतिशत र कुबेती फन्डले ०.५ प्रतिशत ब्याजमा ऋण दिएको आयोजनाले जनाएको छ।

आयोजनाको खरिदको हरेक प्रक्रियामा दातृ निकायको सहमति लिनुपर्ने व्यवस्था छ। त्यहीअनुसार पछिल्लो चरणमा ड्राफ्ट कन्ट्याक्ट सम्झौता स्वीकृतिका लागि दातृ निकायलाई पठाइएको छ। त्यसमा उनीहरूले २ पटकसम्म जिज्ञासा राखेका छन्। त्यसको उत्तर दिएर आयोजनाले पठाइसकेको छ। आयोजनाले स्वीकृतिका लागि अप्रिल २८, २०२५ मा नै पठाएको थियो।

योसँगै आयोजनाको पूर्वतयारीको काममा नै दशकौं लागेको आयोजना प्रमुख घिमिरेले जानकारी दिए। अध्ययन गर्न, जग्गा अधिग्रहणलगायत काममा नै आयोजना अल्झिएको उनले बताए। द्वन्द्वकालमा अछामको मंगलसेनमा माओवादी आक्रमणका क्रममा लालपुर्जा जलेर नष्ट भएको थियो। जग्गा अधिकरणका लागि पुनः जग्गाको नापी गर्दा समय लम्बिएको हो। 'मुख्य निर्माण कार्य सुरु भएको छैन। ठेक्का लगाएको पनि छैन। तयारी चरणको काम सकिन नै निकै लामो समय लागेको छ। जग्गा प्राप्तिको कामका लागि नै निकै समय लाग्यो। अछाम जिल्लामा लालपुर्जा हराएको, सरकारी निकायमा नै नभएकाले पुनः नापी गर्नुपर्ने अवस्था भयो। यो भएर समय लाग्यो। यसले लागत अनुमान पनि बढ्न गयो,' घिमिरेले भने। नेपाल सरकारको पनि दायित्व हुने भएकाले स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयसँग पनि स्वीकृति लिनुपर्ने हुन्छ। अहिलेको कानुनी व्यवस्थाका कारण पनि यसले आयोजना लम्बिरहेको छ।

आयोजना निर्माण समय बढेसँगै यसको लागत पनि बढेको छ। सुरुमा सिभिल तथा हाइड्रो मेकानिकाल वर्क्स लट-१, इलेक्ट्रो मेकानिकल वर्क्स लट-२ तथा ट्रान्समिसन लाइन लट-३ गरी ९ अर्ब लागत अनुमान गरिएको थियो।

» बाँकी पृष्ठ ६

AMN EV RALLY 2025